**"अपागंता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रममा (CBR) प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना"**

प्रस्तुत विषयमा बागमती प्रदेशबाट आ.व. ०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुरुप अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मूल प्रवाहमा ल्याउने उद्देश्यले प्रदेश सरकार सामाजिक विकास मन्त्रालय मार्फत स्थानीय तहबाट संचालन हुने अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) यस नगरपालिका भित्र रहेका अपाङ्गता सम्बन्धी काम गर्ने गैर सरकारी संस्थाहरु संगको साझेदारीमा संचालन गर्न यो सूचना जारी गरेको मितिले १५ दिन भित्र २०७७ चैत्र २० गते सम्म रु.१० को टिकट टाँस गरी योग्यता पुगेका ईच्छुक गैर सरकारी संस्थाहरुले तपसिलको रित र शर्त पूरा गरी पेश गर्न यो सूचना जारी गरिएको छ । प्रस्ताव सामाजिक विकास मन्त्रालयबाट प्राप्त निर्देशिका वमोजिम संस्था छनौट गर्ने अधिकार समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम समन्वय तथा अनुगमन समितिलाई हुनेछ ।

**तपसिल**

**१. दरखास्त साथ बुझाउनु पर्ने कागजातहरु:**
(क) संस्था दर्ता, नवीकरण, विधान, प्रशाासनिक र आर्थिक नियमावलीको छायाप्रति
(ख) समाज कल्याण परिषदको आवद्धता पत्र ।
(ग) गतवर्षको बार्षिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन ।
(घ) संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्शाउने कागजात ।
(ङ) अपाङ्गता क्षेत्रमा कामगरेको अनुभव सम्बन्धी कागजात ।
(च) हालसम्म गरेका कार्यहरुको विवरणहरु साथै यस न.पा. संग साझेदारीमा सम्पन्न गरेका कामहरुको विवरण ।

**२. प्राथमिकता:-**
(क) यस न.पा. भित्र दर्ता भै सूचिकृत भई कार्यरत
(ख) यस न.पा. संग सीमा जोडिएको काठमाडौं जिल्लाका न.पा. भित्र दर्ता भरी यस न.पा.मा सूचिकृत भई कार्यरत
(ग) काठमाडौ जिल्ला भित्र दर्ता भई कार्यरत
(घ) संस्थाको वढी लागत सहभागिता भएको संस्थालाई प्राथमिकता दिईने छ ।

३. प्रस्ताव दर्ताको लागि कुनै शुल्क लाग्ने छैन ।
४. प्रस्तावमा कुनै प्रशासनिक खर्च उल्लेख गर्न पाईने छैन ।
५. प्रस्ताव अपाङ्गता भएका व्यक्ति तथा परिवारको क्षमता अभिवृद्धि (शिक्षा, स्वास्थ्य, सीप बिकास, सर्वेक्षण, सहायक सामाग्री वितरण आदि) गरी आय आर्जन तथा स्वावलम्बी बनाउन लक्षित हुनु पर्ने ।
६. बजेट तथा कार्यक्रम:-

| क्र.सं. | कार्यक्रम शिर्षक | बजेट रकम | कार्यक्रम सम्पन्न गर्ने समय | कैफियत |
|---|---|---|---|---|
| १ | अपागंता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) | रु.२,५८,०००।- | ज्येष्ठ मसान्त भित्र | |

७. प्रस्ताव दर्ता गर्ने स्थान:-
कागेश्वरी मनोहरा नगरपालिका, महिला, बालबालिका तथा समाजकल्याण शाखा ।
सम्पर्क: महिला, बालबालिका तथा समाजकल्याण शाखा सम्पर्क नं. ९८४७०२००३६, ९८४१७७५३६९

२०७७।१२।०६